# एमआरआई (म्याग्नेटिक रेसोनेन्स इमेजिङ्ग)

## MRI (Magnetic Resonance Imaging)

An MRI is a safe, painless test. It uses radio waves and a magnetic field to take pictures of soft tissues, bones and blood supplies. The pictures provide information that can help your doctor diagnose the problem that you are having.

**Arrive on time for your test.** The test takes 30 to 90 minutes.

एमआरआई एउटा सुरक्षित, पीडारहित परीक्षण हो। यसले कोमल कोशिकाहरू, हड्डी वा रक्त सप्लाइहरूको चित्र खिच्नका लागि रेडियो तरङ्ग र म्याग्नेटिक फिल्डको प्रयोग गर्दछ। यस्ता चित्रहरूले तपाईंका डक्टरलाई तपाईंका समस्याहरूको निदान गर्नमा मद्दत गर्न सक्दछन्।

**आफ्नो परीक्षणको लागि समयमा आइपुग्नुहोस्।** यसको लागि 30 देखि 90 मिनेटको समय लाग्छ।

## What You Need to Know

There are some body implants that can either not be safe for you to have an MRI or need special precautions for your safety. **If you have any of the following, call the location where you are having your test to speak to staff before your test:**

- Are or could be pregnant
- Have a heart pacemaker
- Have aneurysm clips
- An implanted pump or stimulator
- An artificial heart valve
- Breast tissue expander
- Stents anywhere in your body
- Weigh over 400 pounds or 181 kilograms
- Have magnetic implants
- Have a blood clot filter
- Penil prosthesis
- Programmable VP or LP shunt valve
- Metal shrapnel or metal fragments inside your body or eyes

## तपाईंले जान्नु पर्ने कुरा

तपाईंका शरीरभित्र प्रत्यारोपित उपकरणहरूका लागि एमआरआइ कि त सुरक्षित नहुन सक्दछ अथवा तपाईंको सुरक्षा निम्ति विशेष सावधानी राख्न पर्ने हुँदछ। **यदि तपाईंको शरीरमा निम्नमध्ये कुनै छ भने परीक्षण पूर्व तपाईंको परीक्षण स्थलका स्टाफसँग कुरा गर्न कल गर्नुहोस्:**

- गर्भवती हुनुहुन्छ वा हुन सक्ने सम्भावना छ
- मुटुमा पेसमेकर लगाइएको छ
- एनेउरिज्म क्लिप्स (aneurysm clips) लागेका छन्
- पम्प वा स्टिमुलेटर प्रत्यारोपित गरिएको छ
- कृत्रिम मुटुको भाल्भ लगाइएको छ
- स्तन कोशिका विस्तारक लगाइएको छ
- तपाईंको शरीरमा कहीँ स्टेन्टहरू छन्
- 400 पाउन्ड वा 181 किलोग्रामभन्दा बढी वजन छ
- म्याग्नेटिक प्रत्यारोपित उपकरण छन्
- ब्लड क्लट फिल्टर लगाइएको छ
- मूत्राशयमा प्रोस्थेसिस छ
- प्रोग्रामेबल भिपि (VP) वा एलपि (LP) शन्ट भाल्भ लगाइएको छ।
- तपाईंको शरीर वा आँखाभित्र धातुका छर्राहरू वा धातुका टुक्राहरू छन्

**If the implants in your body cannot be identified, your test may be delayed, rescheduled or canceled.**

**यदि तपाईंको शरीरभित्र प्रत्यारोपित उपकरणहरू चिह्नित गर्न सकिँदैन भने, तपाईंको परीक्षणमा ढिल्याइँ हुन सक्दछ, पुनर्निर्धारण गरिन सक्दछ वा रद्द गरिन सक्दछ।**

**Tell staff if you have an allergy to contrast medicines.**

**यदि तपाईंलाई कन्ट्रास्ट औषधीहरूबाट एलर्जी हुन्छ भने स्टाफलाई बताउनुहोस्।**

## To Prepare for the Test

## परीक्षणको तयारी

- **Plan to arrive 30 minutes before your appointment time.**
- **If pictures are being taken of your abdomen, liver or pancreas, do not eat or drink for 4 hours before the test.**
- If you take diabetes medicines, talk with your doctor about how to control your blood sugar before the test. Tell the technologist if you are diabetic, the blood sugar medicines you take and when you last took them.
- Bring your medicine list with you. Tell the doctor or technologist about the prescription medicines you take, including over the counter, herbals, vitamins or supplements, and if you have any medicine allergies.
- If you wear any kind of medicine patch, such as nicotine or nitroglycerin patch, they will need to be removed for this test. Bring a new patch that you can put on after your test.
- If being in a closed space frightens you, talk to your doctor. Your doctor may give you some medicine to bring with you to help you relax. **If you do bring medicine to help relax, you need to have someone with you that can drive you home.**

- **तपाईंलाई दिइएको अप्वाइन्टमेन्टको समयभन्दा 30 मिनेट पूर्वनै पुग्नुहोस्।**
- **यदि तपाईंको पेट, कलेजो वा अग्न्याशयको (pancreas) चित्र खिचिने हो भने, परीक्षणपूर्व 4 घण्टादेखि केही खानु वा पिउनु हुँदैन।**
- यदि तपाईंले मधुमेहका औषधी सेवन गर्नुहुन्छ भने परीक्षणपूर्व तपाईंको ब्लड शुगर नियन्त्रित कसरी गर्ने भन्ने विषयमा आफ्ना डक्टरसँग चर्चा गर्नुहोस्। तपाईंलाई मधुमेह छ भने तपाईंले सेवन गर्ने ब्लड शुगर औषधीहरू र पछिल्लोपल्ट तपाईंले ती औषधीको सेवन कहिले गर्नुभयो भन्ने बारेमा प्राविधिज्ञलाई बताउनुहोस्।
- आफ्नो औषधीको सूची साथमा लिएर आउनुहोस्। तपाईंले सेवन गर्ने प्रेस्क्रिप्शन औषधीका साथै औषधी पसलमा सजिलै किन्न सकिने, जडीबूटी, भिटामिन वा पूरकहरू, तथा तपाईंलाई कुनै औषधीबाट एलर्जी छ भने त्यसको बारेमा डक्टर वा प्राविधिज्ञलाई बताउनुहोस्।
- यदि तपाईंको शरीरमा कुनै औषधीमूलक प्याच जस्तै निकोटिन वा नाइट्रोग्लिसरिन प्याच लागेका छन् भने यस परीक्षणपूर्व तिनलाई हटाइनु जरुरी छ। तपाईंको परीक्षणपछि फेरि लगाउनका लागि नयाँ प्याचहरू लिएर आउनुहोस्।
- बन्द कोठामा तपाईंलाई डर लाग्दछ भने आफ्ना डक्टरलाई बताउनुहोस्। तपाईंका डक्टरले तपाईंलाई आराम प्रदान गर्न केही औषधी दिन सक्दछन्। **यदि तपाईं आराममा मद्दत गर्ने कुनै औषधी लिएर आउनुहुन्छ भने तपाईंलाई घर फर्काएर लैजान कसैलाई लिएर आउनु जरुरी छ।**

## Day of Your Test

- Bring your ID and insurance card.
- Staff will review your medical history with you.
- You will need to remove all metal items such as watch, hairpins, bra, jewelry, coins and piercings from your body. Please leave valuable belongings at home. You will not be able to take anything into the room including your purse, wallet or keys.
- You will be asked to change into hospital clothing. A locker is provided for your things.
- An IV may be started in your arm for IV medicine called contrast. IV contrast is needed to give better pictures for certain MRI tests only.

## तपाईंको परीक्षणको दिन

- आफ्नो परिचयपत्र (ID) र बिमा कार्ड ल्याउनुहोस्।
- स्टाफले तपाईंसँग तपाईंको चिकित्सा इतिहासको समीक्षा गर्नेछ।
- तपाईंले आफ्नो शरीरबाट धातुका सबै चिजहरू जस्तै घडी, कपालका क्लिप, ब्रा, गरगहना, सिक्का र मुन्द्रीहरू निकाल्नु पर्नेछ। बहुमूल्य चिजहरूलाई कृपया घरमा नै छाडेर आउनुहोस्। तपाईंले कोठाभित्र आफ्नो पर्स, वालेट वा चाबी केही पनि लैजान सक्नुहुन्न।
- तपाईंलाई अस्पतालको लुगा लगाउन दिइने छ। तपाईंका चिजहरू राख्नका लागि लकर उपलब्ध गराइने छ।
- कन्ट्रास्ट नामक नसामार्फत दिइने (IV) औषधी दिनका लागि तपाईंको पाखुरामा एउटा IV सुरु गरिने छ। बढी स्पष्ट चित्रहरू प्राप्त गर्न केही एमआरआइ परीक्षणहरूमा मात्रै IV कन्ट्रास्ट दिइन्छ।

## During the Test

- You will lie on a padded table in the middle of a long tube-like machine.
- The table slides into the opening of the machine until the part of your body to be checked is in the center.
- A device, called a coil, may be placed on the area of your body to be tested. This device helps the machine take better pictures. For example, If you are having a test of your head, you may have a head coil that is over your head like a helmet.



## परीक्षण अवधिमा

- एउटा लामो ट्युब जस्तो मेशिनको माझमा गद्दादार टेबलमा तपाईं सुत्नुहुने छ।
- त्यो टेबल मेसिनभित्र विस्तारै पसाइने छ जबसम्म तपाईंको शरीरको परीक्षण गरिने भाग मध्यमा पुग्दैन।
- तपाईंको शरीरको परीक्षण गरिने भागमाथि कोइल (coil) नामक एउटा उपकरण राखिन सकिन्छ। यो उपकरणले मेशिनलाई बढी स्पष्ट चित्रहरू खिच्नमा मद्दत गर्दछ। उदाहरणार्थ, यदि तपाईंको सिरको परीक्षण गरिँदै छ भने, तपाईंको सिरमा हेलमेट जस्तो हेड कोइल पहिराइने छ।

- Lie very still during the test.
- You may be asked to hold your breath for a few seconds during the test.
- You will hear a sound like a drum beat as the pictures are taken. You may be given headphones or earplugs to wear to quiet the noise of the machine.
- You can talk to the staff through a speaker. Tell the staff if you need help or are uncomfortable.

- परीक्षणको दौरान नहल्लिइकन सुतिराख्नहोला।
- परीक्षणको दौरान तपाईंलाई केही क्षणका लागि आफ्नो सास रोक्न भनिन सक्छ।
- चित्रहरू खिचिँदा तपाईंले ड्रम बीटको जस्तो आवाज सुन्नुहुने छ। मेशिनको आवाजलाई कम्ती गर्न तपाईंलाई हेडफोन्स वा इयरप्लग्स दिइन सकिन्छ।
- तपाईंले एउटा स्पीकरमार्फत स्टाफसँग कुरा गर्न सक्नुहुन्छ। यदि तपाईंलाई मद्दत चाहिन्छ वा अप्ठ्यारो हुन्छ भने स्टाफलाई बताउन सक्नुहुन्छ।

## After the Test

- You may drive home after the test if you were not given medicine to help you relax during the test. **If you were given medicine to help you relax, an adult must be with you to take you home.** It is not safe for you to drive or leave alone.
- If you were given contrast medicine during the test, drink 8 (8-ounce) glasses of clear liquids to flush the contrast out of your body. Good liquids to drink are water, apple juice and Sprite. If you are on a special diet, follow the instructions given to you as to what to drink.
- Test results are sent to your doctor. Your doctor will share the results with you.

**Talk to the staff if you have any questions or concerns.**

## परीक्षणपछि

- परीक्षणको दौरान तपाईंलाई आराम दिने औषधी दिइएको छैन भने परीक्षणपछि तपाईं आफै गाडी हाँकेर घर फर्कन सक्नुहुन्छ। **यदि तपाईंलाई आराम दिने औषधी दिइएको छ भने तपाईंलाई घर फर्काएर लैजान एकजना वयस्क व्यक्ति तपाईंसँग हुनु जरुरी छ।** तपाईंले गाडी हाँक्नु वा तपाईंलाई एकलै छोड्नु सुरक्षित हुँदैन।
- परीक्षणको दौरान तपाईंलाई कन्ट्रास्ट औषधी दिइएको छ भने तपाईंको शरीरबाट कन्ट्रास औषधीलाई बाहिर निकाल्न तपाईंले 8 (8 आउन्स) गिलास सफा द्रव्य पिउनु पर्दछ। पिउनका लागि उत्कृष्ट पेय पदार्थ पानी, स्याउको रस र स्प्राइट हुन्। यदि तपाईं विशेष खुराकमा हुनुहुन्छ भने तपाईंले के पिउनु पर्दछ भनी दिइएको निर्देशनहरूको अनुगमन गर्नुहोस्।
- परीक्षणका नतिजाहरू चिकित्सकलाई पठाइन्छ। तपाईंको चिकित्सकले तपाईंसँग नतिजाहरू साझा गर्नुहुनेछ।

**तपाईंका कुनै प्रश्न वा चिन्ताहरू छन् भने स्टाफसँग कुरा गर्नुहोस्।**

© 2005 - February 18, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.